# सुराकी खर्च परिचालन कार्य विधि - २०६८

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३०(क) बमोजिम राजस्व चुहावटको सूचना दिने व्यक्तिलाई सूचना को सत्यताको आधारमा सुराकी खर्च प्रदान गर्ने कार्य लाई व्यवस्थित गरी सुराकी परिचालन मार्फत राजस्व अनुसन्धान कार्य लाई प्रभावकारी बनाउने प्रयोजनार्थ राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३०(क) ले दिएको अधिकार प्रयोग गरी राजस्व अनुसन्धान विभाग ले यो कार्य विधि तर्जुमा गरी जारी गरेको छ ।

१. <u>संक्षिप्तनाम र प्रारम्भ</u> :

(क) यो कार्य विधि नाम "सुराकी खर्च परिचालन कार्य विधि - २०६८"रहेको छ ।

(ख) यो कार्य विधि तुरुन्त लागू हुनेछ ।

(ग) यो कार्य विधि राजस्व चुहावट सम्बन्धी सूचना दिने व्यक्ति वा निकायहरुको लागि लागू हुनेछ ।

२. <u>परिभाषा</u> :

विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "ऐन" भन्नाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०६८ लाई सम्झनु पर्छ ।

(ग) "विभाग " भन्नाले राजस्व अनुसन्धान विभागलाई सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले राजस्व अनुसन्धान विभाग अन्तर्गतका कार्यालयहरु तथा चेकपोष्ट समेतलाई सम्झनु पर्छ ।

(ङ) "सुराकी " भन्नाले बिभिन्न माध्यमबाट सूचना उपलव्ध गराउने व्यक्ति वा निकाय सम्झनु पर्छ ।

(च) "सूचना " भन्नाले कुनै व्यक्ति वा निकायले आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क, भन्सार एवं गैरकर लगायतका राजस्व छल्न सक्ने, छलि गरेको वालुकाएको वा यस्तो उद्यम गरे गराएको वा यस्तो उद्यमगर्न सक्ने अवस्था रहेको विषयमा राजस्व चुहावट सम्बन्धी लिखित, मौखिक र विद्युतीय माध्यमबाट प्राप्त हुने सुराक, सूचना , उजुरी, नालिस, जानकारी, टिपोट समेतलाई बुझाउछ ।

३. <u>सुराकीको सूचना सम्बन्धीव्यवस्था</u> :

(क) सुराकीले राजस्व चुहावट गरेको सम्बन्धी सूचना राजस्व अनुसन्धान विभागमा दिनु पर्नेछ ।

(ख) ऐनको दफा (४) को अधिनमा रही देहायमा उल्लिखित कार्यको सूचना सुराकीले दिन सक्नेछ :

(१) कुनै व्यक्ति वा निकायले प्रचलित नेपाल कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले कुनै काम गर्ने गरेको ।

(२) गलत लेखा, बिबरण वा कागजात प्रस्तुत गरी वा नगरी प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरे वा नबुझाएको वा घटी राजस्व बुझाएको ।

(३) कुनै पनि मालबस्तुको चोरी निकासी पैठारी गरी राजस्व छलेमा वा छल्ने प्रयत्न गरेमा तथा गलत लिखत तथा कागजात तयार गरी राजस्व चुहावट गरेको ।

(४) खण्ड (च) बमोजिमको सूचना लिखित, मौखिक वा विद्युतीयलगायतका माध्यमबाट दिन सकिनेछ ।

(५) यस्तो सूचना र सूचना दिने ब्यक्तिको नाम, ठेगाना नखुलाई गोप्य राख्न चाहेमा गोप्य राखिनेछ ।

४. <u>सूचनामा उल्लेख हुनुपर्ने विषयहरु</u> :

राजस्व चुहावट सम्बन्धी विषयमा सुराकी दिने व्यक्तिले यस कार्य विधिको प्रयोजनको निम्ति देहायका विवरण सहितको सूचना दिनुपर्नेछ :-

(क) राजस्व छली गर्ने व्यक्ति वा निकायको नाम, पूरा ठेगाना र उपलब्ध भएसम्म चार किल्ला र सम्पर्क नं. समेत ।

(ख) राजस्व चुहावट/छली गरेको वा गर्ने व्यक्ति वा निकायको नाम खुलाउन नसकेमा त्यस्तो राजस्व छली भएको स्थान, सवारी साधन, नम्बर थाहा भएसम्म गन्तव्य स्पष्ट किटान गरी जानकारी दिनु पर्नेछ ।

(ग) ढुवानी साधनको हकमा सवारी नम्वर, प्रस्थान समय र पुग्ने स्थान एबं समयको मोटामोटी जानकारी ।

(घ) राजस्व छली गर्ने व्यक्ति वा निकायको किटान भएमा निजको व्यवसाय सम्बन्धी जानकारी ।

(ङ) राजस्व चुहावट गरेको सबुद र प्रमाणहरुको उपलब्ध भएसम्मका ।

(च) राजस्व छली गर्ने व्यक्ति वा निकायसंग अर्न्तसम्बन्धित भएको अन्यव्यक्ति वा निकायहरुको माथि उल्लेख भएसम्म कै जानकारी स्थान सवारी साधन, नम्बर, थाहा भएसम्म गन्तव्य स्पष्ट किटान गरी जानकारी दिनुपर्नेछ ।

(छ) सुराकी सूचना /उजुरी दिने सुराकीको नमूना अनुसूची-१ बमोजिम हुनेछ । यो नमूना बिभागको website www.dri.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

५. <u>सूचना दर्ता सम्बन्धीव्यवस्था</u> :

(क) मौखिक सूचना दिने व्यक्तिले सूचना दर्ता गराउँदा टेलिफोनबाट आफ्नो पहिचान जनाउने संकेत, नाम वा नम्बर आदि समेत टिपाउनु पर्नेछ र दर्ता गर्दा सो व्यहोरा संकेत सहित दर्ता किताबमा चढाउनु पर्नेछ । यस्तो सूचना दर्ता अनुसूची -२ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(ख) लिखित सूचना दिने व्यक्तिले सूचना दर्ता गराउँदा टेलिफोनबाट आफ्नो पहिचान जनाउने नाम वा नम्बर आदी समेत बिभागमा टिपाउनु पर्नेछ र दर्ता गर्दा सो व्यहोरा संकेत सहित दर्ता किताबमा चढाउनु पर्नेछ ।

(ग) लिखित सूचना दर्ता भएपछि अनुसूची-३ बमोजिमको भरपाई सूचना दिने व्यक्ति/निकायलाई दिइनेछ ।

(घ) प्राप्त सूचना हरु गोप्य रुपमा सूचना दर्ता कितावमा दर्ता गरी छुट्टै फायल खडा गरि राख्नु पर्नेछ र सो सम्बन्धी कार्यको जिम्मेवारी महानिर्देशकले तोकेको व्यक्ति वाहेक अरुलाई जानकारी दिइने छैन । दर्ता नभएको सूचनाको सुराकी खर्च भुक्तानी गर्न विभाग बाध्य हुने छैन ।

(ङ) सुराकीले सूचना दर्ता गराउँदा पेश गरेको कुनै सबुद प्रमाणको नक्कल लिन चाहेमा सो को नक्कल दिनुपर्नेछ ।

६. <u>सूचनाको सत्यता जाँच सम्बन्धी व्यवस्था</u> :

सुराकीलाई पुरस्कार दिने प्रयोजनको लागि दिएको सूचनाको भिडान गर्न देहायको मध्ये सबै वा कुनै आधारहरु लिइनेछ ।

- मौखिक रुपमा उजुरी दिएमा सोको स्पष्ट विवरण र पहिचान संकेत (code),
- लिखित सूचनाको हकमा दर्ता गर्दाका बखत गरिएको भरपाई,
- उजुरीसंग कुनै प्रमाण पेश गरेको रहेछ भने सोको नक्कल,
- सूचनाको जाँचहुने अन्य कुनै बिषय ,
- एकपटक दिएको सूचना वा उजुरी उपर छानविन भईरहेको अवस्थामा सोही उजुरी उपर पुनः सुराकी खर्च दिइने छैन ।

७. <u>पुरस्कार वा सुराकी खर्च सम्बन्धी व्यवस्था</u> :

(क) सुराकीले दिएको सूचना (लिखित, मौखिक, विद्युतीय) को सत्यता प्रमाणित भई कसुरवाला व्यक्ति निकाय वा राजस्व चुहावटको प्रमाणलाई नियन्त्रणमा लिई छानविनको क्रममा रहेको अवस्थामा ऐनको दफा ३० (क) को अधीनमा रही तत्काल देहायको सुराकी खर्च दिइनेछ :

(१) भन्सार छली गरी वा आयात-निर्यात गरेको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा प्रति सूचना एक हजार रुपैयाँ ।

(२) आन्तरिक ओसारपसारमा राजस्व छली भएको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा प्रति सूचना एक हजार रुपैयाँ ।

(३) लिखित रुपमा राजस्व चुहावटको सूचना दिने, सुराकीलाई सूचनाको सत्यताको आधारमा पाँच हजार रुपैयाँ ।

(४) लिखित रुपमा राजस्व चुहावटको स-प्रमाण सूचना दिने, सुराकीलाई दश हजार रुपैयाँ ।

(५) माथि उल्लेख भए बमोजिम सूचनाको बर्गीकरण गरी अनुसन्धान अधिकृतले पेश गर्ने प्रारम्भिक प्रतिवेदनको सिफारिसको आधारमा यस्तो पुरस्कार रकम प्रदान गरिनेछ ।

(ख) मुद्दाको किनारा लागेपछि पुरस्कार वितरण गर्ने सम्बन्धमा जुन ऐन अनुसार कारवाही किनारा हुन्छ सोही ऐनमा भएको व्यवस्था अनुसार पुरस्कार दिइनेछ ।

(ग) राजस्व अनुसन्धान बिभागको अनुसन्धान अधिकृतले प्रत्यायोजित अन्य ऐन बमोजिमको अधिकार प्रयोग गर्ने भएकोले माथि (ख) बमोजिम प्रदान गर्ने पुरस्कार बितरण गर्ने कार्यलाई सरल बनाउने प्रयोजनको लागि आन्तरिक राजस्व कार्यालयहरु मार्फत दिइने पुरस्कार रकमको लागि बिभागबाट आन्तरिक राजस्व विभागमा लेखी पठाइनेछ ।

## ८. सुराकी खर्च दावी गर्न आउने सुराकीले पालना गर्नुपर्ने शर्तहरु :

(क) सूचनाको आधारमा कारवाही चलेको १ महिनाभित्र भुक्तानी लिइ सक्नु पर्नेछ ।

(ख) कुनै कारणवश सम्बन्धित व्यक्ति हाजिर हुन नसकेमा निजको मञ्जुरीनामा र लिने व्यक्तिको स्पष्ट परिचय खुल्ने प्रमाण पेश गरी विभागले उपयुक्त देखेमा भुक्तानी दिन सक्नेछ ।

(ग) एक वा एक भन्दा बढी सुराकी भएमा दामासाहीले दिइनेछ ।

(घ) प्रत्येक महिनाको सुराकी खर्चको फांटवारी महानिर्देशकले प्रमाणित गरी राख्नु पर्नेछ ।

## ९. ब्याख्या

यस निर्देशिका कार्यान्वयन गर्ने क्रममा कुनै दुविधा उत्पन्न भएमा विभागले ब्याख्या गरी कार्यान्वयन गर्नेछ ।